# गोरखा नगरपालिका, नगर कार्यपालिका बैठकका निर्णयहरु

**सम्बत् २०७८ साल कार्तिक १४ गते बसेको नगर कार्यपालिका बैठकका प्रस्तावनाहरु-**

**प्रस्तावहरु:-**

१. हालसम्मका कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
२. गीता मन्दिर, रानीवन, पन्थेश्वारा, भिमसेन पार्क हुदै वृन्दावन होटलसम्मको सडक स्तरोन्नतीका लागि थप रकम विनियोजन सम्बन्धमा ।
३. IEE प्रतिवेदन स्वीकृती सम्बन्धमा ।
४. स्थानीय पत्रपत्रिकालाई लोककल्याणकारी अनुदान कार्यविधि, २०७८ स्वीकृती सम्बन्धमा ।
५. सामुदायिक तथा निजी रेडियोको लागि विद्युत शुल्कमा ५० प्रतिशत अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७८ स्वीकृती सम्बन्धमा ।
६. साना खानेपानी आयोजनाका लागि अनुदान कार्यविधि, २०७८ स्वीकृती सम्बन्धमा ।
७. घरेलु कार्य तथा कृषि कार्य गर्ने आमाहरु सम्मान कार्यक्रम संचालन कार्यविधि, २०७८ स्वीकृती सम्बन्धमा ।
८. स्वास्थ्य संस्थाहरुको नामाकरण सम्बन्धमा ।
९. जि.स.स. गोरखाको सहकार्यमा नगरपालिकाको वडा नं. १, २ र ५ को वडा कार्यालय भवन तथा वडा नं. ८ को खानेपानी योजना निर्माण सम्बन्धमा ।
१०. श्री K.C. Builders and Suppliers Pvt.Ltd. नामको घ वर्गको नयाँ इजाजतपत्र जारी गर्ने सम्बन्धमा ।
११. गो.न.पा. वडा नं. ६ र ७ मा रहेको बहुउद्देश्यिय भवनको आय ठेक्का सम्बन्धमा ।
१२. आ.ब. २०७७/०७८ को उत्कृष्ट करदाता सम्मान सम्बन्धमा ।
१३. गोरखा गेटको सौन्दर्यकरणका लागि आँखीझ्याल राख्न आवश्यक बजेट विनियोजन सम्बन्धमा ।
१४. कृषि तथा पशुपन्छी विकास शाखाको मिति २०७८/७/७ को कृषि कार्यक्रम सम्बन्धी सूचनाको म्याद ७ दिन थप गर्ने सम्बन्धमा ।
१५. वडा कार्यालयका कर्मचारीहरुको हाजिरी प्रमाणित सम्बन्धमा ।
१६. गोरखा नगरपालिकाको सम्पत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ स्वीकृती सम्बन्धमा ।
१७. काठमाण्डौं महानगरपालिकासँग भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा ।
१८. विजयादशमीको अवसरमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम सम्बन्धमा ।
१९. रोटरी क्लब अफ गोरखाको कार्यक्रमका लागि रकम विनियोजन सम्बन्धमा ।
२०. लियो क्लब अफ गोरखाको कार्यक्रमका लागि रकम विनियोजन सम्बन्धमा ।
२१. न.पा. को आ.ब. २०७७/०७८ को जिन्सी निरिक्षण समितिले पेश गरे बमोजिमको सामान लिलाम गर्न स्वीकृती दिने सम्बन्धम ।
२२. संघ संस्था दर्ता परिचालन र नियमन सम्बन्धी कार्यविधि, २०७६ पहिलो संशोधन स्वीकृती सम्बन्धमा ।
२३. करार सेवामा पोषण स्वंय सेवक भर्ना सम्बन्धमा ।
२४. विविध ।

प्रमुख प्रशासकीय अधिकृत

राजनराज पन्त
प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

# गोरखा नगरपालिका, नगर कार्यपालिका बैठकका निर्णयहरु

## सम्बत् २०७८ साल कार्तिक १४ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरुः-

**निर्णय नं. १**

प्रस्ताव नं. १ उपर छलफल गर्दा, हालसम्म नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ उपर छलफल गर्दा, गीता मन्दिर, रानीवन, पन्थेश्वारा, भिमसेन पार्क हुदै वृन्दावन होटलसम्मको सडक स्तरोन्नती (ग्याविन वाल, रिटनिङग वाल, करिब २६० मिटर नाला तथा कालोपत्रे ) गर्दा भेरियसन बमोजिम नपुग भएको रकम रु. २८,१४,८१८.१५/- (अक्षरुपी रु अठ्ठाइस लाख चौध हजार आठ सय अठार रुपैया पन्ध्र पैसा मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा, गोरखा नगरपालिका क्षेत्र भएर बग्ने दरौंदी नदी र मर्स्याङ्दी नदीको नदीजन्य पदार्थ उत्खनन तथा संकलन सम्बन्धी राइजिङ्ग इन्जिनियरिङ्ग कन्सल्टयान्ट प्रा.लि. सोह्रखुट्टे काठमाण्डौंले पेश गरेको वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा, स्थानीय पत्रपत्रिकालाई लोककल्याणकारी अनुदान कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा, सामुदायिक तथा निजी रेडियोको लागि विद्युत शुल्कमा ५० प्रतिशत अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा, साना खानेपानी आयोजनाका लागि अनुदान कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ उपर छलफल गर्दा, घरेलु कार्य तथा कृषि कार्य गर्ने आमाहरु सम्मान कार्यक्रम संचालन कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

राजनराज पन्त
प्रमुख

# गोरखा नगरपालिका, नगर कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ उपर छलफल गर्दा, एक वडा एक स्वास्थ्य स्थापना गर्ने नीति अनुसार यस नगरपालिका अन्तर्गत वडा नं. २,५,९ र १० मा संचालित शहरी स्वास्थ्य केन्द्रहरुलाई कोखे आहाले आधारभूत स्वास्थ्य केन्द्र वडा नं. २, पस्लाङ्ग आधारभूत स्वास्थ्य केन्द्र वडा नं. ५, लक्ष्मीबजार आधारभूत स्वास्थ्य केन्द्र वडा नं. ९ र छेवेटार आधारभूत स्वास्थ्य केन्द्र वडा नं. १०कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ उपर छलफल गर्दा, जिल्ला समन्वय समिति, गोरखाको सहकार्यमा नगरपालिकाको वडा नं. १, २ र ५ को वडा कार्यालय भवन तथा वडा नं. ८ को खानेपानी योजना निर्माणका लागि आवश्यक संलग्न इस्टमेट बमोजिमको जि.स.स. गोरखाले बेहोर्ने रकम विनियोजन गरी न.पा. मा पठाईदिन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० उपर छलफल गर्दा, गोरखा नगरपालिका वडा नं. ६ निवासी श्री रोशन के.सी. को नाममा श्री K.C. Builders and Suppliers Pvt.Ltd. नामको घ वर्गको नयाँ इजाजतपत्र जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ उपर छलफल गर्दा, गोरखा नगरपालिका वडा नं. ६ र ७ मा रहेको बहुउद्देशिय भवनको यस अगाडीको सूचनामा रु. ४,०८,०००/- (अक्षरुपी रु चार लाख आठ हजार मात्र।) कायम गरिएकोमा उक्त दररेटमा कुनै पनि फर्म/व्यक्तिले आवेदन पेश नगरेको हुँदा उक्त दर परिवर्तन गरी रु. ३,२९,०००/- (अक्षरुपी रु तीन लाख उनान्तिस हजार रुपैयाँ मात्र ) कायम गरी पुनः सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ उपर छलफल गर्दा, यस नगरपालिकाको आ.ब. २०७७/०७८ को उत्कृष्ट करदाता गो.न.पा.-९ निवासी श्री धनमाया थापा मगरलाई सम्मान गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ उपर छलफल गर्दा, गोरखा गेटको सौन्दर्यकरणका लागि आँखीझ्याल राख्न लाग्ने लागत बमोजिमको रु. २ लाख पर्यटन प्रवर्द्धन शिर्षकबाट विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय डुम्रीडाँडा, गोरखा गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

राजनराज पन्त
प्रमुख

# गोरखा नगरपालिका, नगर कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ उपर छलफल गर्दा, गोरखा नगरपालिकाको कृषि तथा पशुपन्छी विकास शाखाको मिति २०७८/७/७ को कृषि कार्यक्रम सम्बन्धी सूचनाको म्याद ७ दिन थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ उपर छलफल गर्दा, गो.न.पा. का वडा कार्यालयहरुमा कार्यरत वडा सचिव, वडा प्राविधिक तथा अन्य कर्मचारीहरुको हाजिर प्रमाणित भएर आए पश्चात मात्र तलब भत्ता भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ उपर छलफल गर्दा, गोरखा नगरपालिकाको सम्पत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

प्रस्ताव नं. १७ उपर छलफल गर्दा, काठमाण्डौं महानगरपालिकासँग यस नगरपालिकाको भगिनी सम्बन्ध कायम गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १८**

प्रस्ताव नं. १८ उपर छलफल गर्दा, यही मिति २०७८/७/१५ गते दिनको १ बजे जिल्ला स्थित सरकारी कार्यालयका कार्यालय प्रमुखहरुसँग दिपावली, छठ पर्व तथा नेपाल सम्वतको अवसरमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

प्रस्ताव नं. १९ उपर छलफल गर्दा, रोटरी क्लब अफ गोरखाको आयोजनामा मनकामना मन्दिर देखि गोरखा कालीका मन्दिर सम्मको पदयात्रा कार्यक्रमको लागि रु. ५० हजार पर्यटन प्रवर्द्धन शिर्षकबाट विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २०**

प्रस्ताव नं. २० उपर छलफल गर्दा, लियो क्लब अफ गोरखाले जिल्ला परिषद् ३२५ बि १ नेपालको पुरस्कार वितरण समारोह तथा पहिलो परिषद् बैठक वर्ष २०२१/२२ मा देशभरका युवाहरु गोरखामा आउने कार्यक्रम राखेकोले त्यसबाट गोरखा जिल्लाको पर्यटकीय प्रचार प्रसार हुने हुँदा पर्यटन प्रवर्द्धन शिर्षकबाट रु. १ लाख विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

राजनराज पन्त
प्रमुख

# गोरखा नगरपालिका, नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. २१

प्रस्ताव नं. २१ उपर छलफल गर्दा, यस न.पा. को आ.ब. २०७७/०७८ को जिन्सी निरिक्षण समितिले पेश गरे बमोजिमको सामान लिलाम गर्न स्वीकृती दिने निर्णय गरियो ।

निर्णय नं. २२

प्रस्ताव नं. २२ उपर छलफल गर्दा, गोरखा नगरपालिकाको संघ संस्था दर्ता, परिचालन र नियमन सम्बन्धी कार्यविधि, २०७६ को दफा ६ को उपदफा ३ र ५ निम्न बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

निम्नः-

उपदफा ३

साविकको व्यवस्था - नविकरणको लागि प्रत्येक महिनाको रु. ५००/-

हालको व्यवस्थाः- नविकरणको लागि प्रत्येक वर्षको रु. ५००/-

उपदफा ५

साविकको व्यवस्था - एक आर्थिक वर्षसम्म नविकरण नगराएमा स्वत खारेज हुनेछ ।

हालको व्यवस्थाः- दुई आर्थिक वर्षसम्म नविकरण नगराएमा स्वत खारेज हुनेछ ।

निर्णय नं. २३

प्रस्ताव नं. २३ उपर छलफल गर्दा, गोरखा नगरपालिकाको नगरस्तरीय खाद्य सुरक्षा तथा पोषण निर्देशक समितिको मिति २०७८/५/२० को निर्णयानुसार बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गतको पोषण स्वंय सेवकको लागि आवश्यक बजेट व्यवस्थापन भईसकेकोले १ जना पोषण स्वंय सेवक (सहायक) कर्मचारी नगरपालिकाको **करार सेवामा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७** बमोजिम खुल्ला प्रतियोगिताबाट पदपूर्ति गर्न भर्ना प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

राजनराज पन्त
प्रमुख